# जन प्रतिनिधित्व ऐन, २०१५

## प्रतिनिधि सभाको निर्वाचनको व्यवस्था र निर्वाचनमा उठेको झगडाको निर्णय गर्नका निमित्त बनेको ऐन

नेपालमा प्रतिनिधि सभाको निमित्त निर्वाचन क्षेत्रहरू छुट्याउने, मतदाताहरूको योग्यता, प्रतिनिधि सभामा सदस्यताको निमित्त योग्यता र अयोग्यता तोक्ने, मतदाताहरूको नामावली तैयार पार्ने, निर्वाचनको संचालन गर्ने, निर्वाचन सम्बन्धी भ्रष्टाचार, गैर कानूनी व्यवहार र अरू अपराधहरू र निर्वाचनका सम्बन्धमा उठेका शंका र झगडाको निर्णय गर्ने व्यवस्था गर्नु पर्ने आवश्यकता देखिएकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिपरिषदको सल्लाह अनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ ।

## परिच्छेद १

### प्रारम्भिक

(१) संक्षिप्त नाम, विस्तार र प्रारम्भः- (१) यो ऐनको नाम जनप्रतिनिधित्व ऐन, २०१५ रहेको छ ।

(२) यो ऐन नेपाल भरमुलुकमा लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(२) परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा--

(क) "निर्वाचन क्षेत्र" भन्नाले नेपालको प्रतिनिधि सभाको निर्वाचनको निमित्त दफा ३ अनुसार तोकिएको निर्वाचन क्षेत्र सम्झनुपर्छ।

(ख) "निर्वाचन आयोग" भन्नाले नेपाल अन्तरिम शासन विधानको दफा ६९ बमोजिम गठन गरिएको निर्वाचन आयोग सम्झनुपर्छ ।

(ग) "तोकिएको" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको सम्झनुपर्छ ।

(घ) "मतदाता" भन्नाले कुनै निर्वाचन क्षेत्रको मतदाताको नामावलीमा मतदाता भनी नाम दर्ता भएको व्यक्ति सम्झनुपर्छ।

(ङ) "रिटर्निङ अफिसर" भन्नाले दफा १६ अनुसार नियुक्त भएका कुनै निर्वाचन क्षेत्रमा निर्वाचनको प्रबन्ध गर्ने र निर्वाचन गराउने अफिसर सम्झनुपर्छ ।

(च) "ट्राइवुनल" भन्नाले दफा ३४ मुताबिक गठित ट्राइवुनल सम्झनुपर्छ ।

(छ) "मतदान केन्द्र" भन्नाले दफा १९ बमोजिम खडा गरिएका मत लिने केन्द्र सम्झनुपर्छ ।

(ज) "भ्रष्टाचार" भन्नाले दफा ५५ मा लेखिएको कुनै आचरणलाई सम्झनुपर्छ ।

(झ) "गैर कानूनी व्यवहार" भन्नाले दफा ५६ मा लेखिएका कुनै व्यवहारलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

### मतदाताहरूको नामावली तयार गर्न

(३) निर्वाचन क्षेत्रको विभाजनः- प्रतिनिधि सभाको सदस्यहरूको निर्वाचनको निमित्त प्रचलित प्रशासकीय सीमानामा सकेसम्म फरक नपर्ने गरी श्री ५ महाराजाधिराजबाट नेपाल राज्यलाई विभिन्न निर्वाचन क्षेत्रहरूमा विभाजन गरिबक्सनेछ र प्रत्येक निर्वाचन क्षेत्र लगभग ७८००० अठहत्तर हजार जनसंख्याको हुनेछ ।

(२) निर्वाचन क्षेत्रहरूको जम्मा संख्या र इलाका श्री ५ महाराजाधिराजबाट तोकिबक्से पछि सो नेपाल गजेटमा प्रकाशित हुनेछ ।

(३) हरएक निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचनद्वारा एक सदस्य निर्वाचित हुनेछ । त्यस्तो निर्वाचन गुप्त मतदानद्वारा हुनेछ ।

(४) निर्वाचन क्षेत्र विभाजन समितिको गठनः- (१) दफा ३ बमोजिम निर्वाचनक्षेत्र निर्धारित गर्नको निमित्त श्री ५ को सरकारले एक निर्वाचन क्षेत्र विभाजन समितिको गठन गर्नेछ । त्यस समितिमा सर्वोच्च अदालतका न्यायाधीश अध्यक्ष र श्री ५ को सरकारले नियुक्त गरेको अरू २ व्यक्ति सदस्य हुनेछन्।

(२) यो ऐन लागू हुन अगावै श्री ५ को सरकारबाट गठन गरिएको निर्वाचनक्षेत्र सल्लाहकार समितिले गरेको काम यसै ऐन अन्तर्गत गठित निर्वाचनक्षेत्र विभाजन समितिले गरे सरह मानिने छ ।

(५) मतदाताको नामावलीः- निर्वाचन आयोगको रेखदेख, नियन्त्रण र निर्देशमा प्रत्येक निर्वाचन क्षेत्रको निमित्त छुट्टाछुट्टै मतदाताको नामावली यस ऐनमा लेखिए बमोजिम गरी तयार गरिनेछ ।

तर हरएक जिल्लामा निर्वाचन आयोगबाट इलाका तोकिए बमोजिम विभिन्न निर्वाचन केन्द्रहरू स्थापित गरी पहिला पटक तयार हुने मतदाताको नामावली तयार गरिनेछ र यस ऐनको निर्वाचन क्षेत्र सम्बन्धी सबै दफाहरू त्यस्ता केन्द्रहरूको संबन्धमा पनि लागू हुनेछ ।

(६) यसै ऐनबमोजिम भएको मानिनेः- यो ऐन प्रारम्भ हुनुभन्दा अगाडि तयार गरिएको मतदाताको नामावली यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(७) मतदाताको नामावालीमा नाम दर्ता गर्न नहुने व्यक्तिहरूः- (१) देहायका कुनै व्यक्तिको नाम मतदाताको नामावलीमा दर्ता गरिने छैन ।

(क) नेपालमा नागरिक नभएका, वा

(ख) मगज बिग्रेको, वा

(ग) मतदान दिन योग्य हुने मिति (Qualifying date) मा २१ वर्ष नपुगेको ।

(घ) निर्वाचन सम्बन्धी केही अनाचार गरे बापत यो ऐन बमोजिम केही समयको लागि मत दिनबाट वञ्चित गरिएको ।

(२) मतदाताको नामावलीमा नाम दर्ता भइसकेपछि पनि उपदफा (१) बमोजिम अयोग्य ठहरिन आएमा त्यस्ता व्यक्तिको नाम मतदाताको नामावालीबाट झिकिनेछ ।

(८) <u>मतदान दिन योग्य हुने मितिको अर्थ</u>ः- यस ऐनको निमित्त मतदान दिन योग्य हुने मिति भन्नाले-

(१) यस ऐन मुताविक पहिला तैयार गरिने मतदाताको नामावलीको निमित्त २०१५ साल वैशाख १ गते मतदान दिन योग्य हुने मिति हुनेछ ।

(२) यस ऐन मुताविक पछि तैयार भएको मतदाताहरूको नामावलीको निमित्त सो तैयार गरिएको सालको वैशाख १ गते मतदान दिन योग्य हुने मिति हुनेछ ।

(९) <u>नामावाली रजिष्ट्रेशन अफिसर</u>ः- (१) हरएक निर्वाचन क्षेत्रको निमित्त मतदाताको नामावाली तयार गर्न निर्वाचन आयोगले नामावाली रजिष्ट्रेशन अफिसरमा कुनै सरकारी कर्मचारीलाई खटाउन सक्नेछ ।

(२) यस ऐन अन्तर्गत बन्ने नियमहरूको अधीनमा रही नामावली रजिष्ट्रेशन अफिसरले मतदाताको नामावली तयार गर्न आफूले सो कामको निमित्त योग्य ठहराएका जुनसुकै व्यक्तिलाई लगाउन हुन्छ ।

(१०) <u>मतदाताको नामावली लागू हुने अवधिः</u>- यस ऐन बमोजिम कुनै निर्वाचन क्षेत्र निमित्त तैयार पारिएको पहिलो मतदाताको नामावली यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमानुसार अन्तिम तवरले प्रकाश हुनासाथ लागू हुनेछ र अर्को नामवाली अन्तिम तवरले प्रकाश नभएसम्म लागू नै रहनेछ ।

(११) <u>अदालतले मुद्दा हेर्न नपाउने बारेः</u>- देहायका कुरामा कुनै पनि अदालतको मुद्दा हेर्ने अधिकार हुने छैनः-

(क) कुनै निर्वाचन क्षेत्रको मतदाताको नामावालीमा कुनै व्यक्तिको नाम दर्ता गर्न हुने नहुने भन्ने विषयमा,

(ख) नामावली रजिष्ट्रेशन अफिसर वा निजले खटाएका अफिसरले गरेको काम वा यस ऐन मुताबिक मतदाताको नामावली दोहोऱ्याउन नियुक्त भएको कुनै अफिसरको निर्णय न्यायमुक्त छ छैन भन्ने विषयमा ।

## परिच्छेद-३

## <u>प्रतिनिधि सभाको निमित्त सदस्यहरूको योगयता र अयोगयता र निर्वाचन गर्ने अफिसरहरू</u>

(१२) <u>सदस्य हुनको निमित्त योगयताः</u>- प्रतिनिधि सभाको कुनै निर्वाचन क्षेत्रको मतदाताको नामावलीमा नाम दर्ता नभई र कमसेकम २५ वर्ष उमेर नपुगी कुनै व्यक्ति पनि प्रतिनिधि सभाको सदस्य निर्वाचित हुन योग्य ठहरिने छैनन् ।

(१३) <u>सदस्यको अयोग्यता</u>:- देहायका व्यक्तिहरू प्रतिनिधि सभाको सदस्य रहन वा निर्वाचित हुन पाउने छैनन् ।

(क) श्री ५ को सरकारको मातहतको लाभको पदमा बहाल रहेका, वा

तर यस खण्डको तात्पर्यको लागि मन्त्रिपरिषदका सदस्य सल्लाहकार सभाको सदस्य र कर्मचारी बाहेक सरकार तर्फबाट मनोनित भएका नगरपालिकाको सदस्यलाई लाभको पद धारण गरेको मानिने छैन ।

<u>स्पष्टीकरण</u>

श्री ५ को सरकारको मातहतको लाभको पद भन्नाले तलब वा भत्ता वा तलब भत्ता दुवै वा अरू कुनै किसिमको आर्थिक लाभ प्राप्त हुने गरी नियमितरूपले वा कहिले काही मात्र गरे हुने काम कर्तव्य तोकिएको श्री ५ को सरकारबाट नियुक्त गरिने पद र तलब भत्ता नलिई काम गरे पनि कार्यकारिणी अधिकार प्रयोग गर्न पाउने पदलाई समेत श्री ५ को सरकारको मातहतको लाभको पद संझनु पर्छ।

(ख) ऋण तिर्न नसकी (टाट उल्टी) साहूको दामासाहीमा परेका, वा

(ग) नेपालको कुनै अदालतले राजनैतिक कसूरमा बाहेक कुनै कैद ठेकिने अपराधमा दोषी ठहराई २ वर्ष वा सो भन्दा बढी कैदको सजाय दिएको र कैदबाट छुटेर ५ वर्ष वा सो भन्दा घटी यस सम्बन्धमा निर्वाचन आयोगले तोकेका समय न काटेको, वा

(घ) प्रतिनिधि सभाको निमित्त उम्मेदवारमा मनोनित भइसकेपछि वा त्यसरी मनोनीत भएका व्यक्तिको निर्वाचन एजेण्ट भई काम गरी तोकिएको रीत बमोजिम तोकिएको समय भित्र निर्वाचनको खर्चको फाँटवारी पेश गर्न नसकेको सो फाँटवारी बुझाइ सक्नु पर्ने मितिदेखि ५ वर्षसम्म नै वा निर्वाचन आयोगले ५ वर्ष नपुग्दै अयोग्यता नहटाएसम्म, वा

(ङ) भष्ट्राचार, वा घूस खाए वापत वर्खास्त गरिएका कुनै सरकारी कर्मचारी वर्खास्त गरिएका ३ वर्ष नपुगेसम्म, वा

(च) राज्य प्रति बफादारी नदेखाए वापत वर्खास्त गरिएका कुनै सरकारी कर्मचारी वरखास्त गरिएका ५ वर्ष नपुगे सम्म, वा

(छ) निर्वाचन सम्बन्धी कुनै अपराध वा भ्रष्टाचार वा गैर कानूनी व्यवहारको दोषी ठहराइएका र प्रतिनिधि सभाको सदस्य हुन यतिसम्म अयोग्य भनी यस ऐनले तोकेको अवधि ननाघेका, वा

(ज) कुनै सरकारी काम सम्बन्धी लिखित ठेक्कामा कुनै हिस्सा वा सरोकार भएका ।

(१४) <u>बचाउ</u>ः- दफा १३ मा जुनसुकै लेखिएको भए तापनि-

(क) कुनै व्यक्ति दफा १३ (ग) वा (छ) अन्तर्गत प्रतिनिधि सभाको सदस्य हुन अयोग्य हुन गए पनि सो अयोग्य ठहरिएको मितिमा प्रतिनिधि सभाको सदस्य भइरहेको भए सो मिति देखि ३ महिनासम्म वा सो ३

महिना भित्र निजले मुद्दा दोहोऱ्याउने निवेदन पत्र वा अपील दिएमा सो किनारा नभएसम्म निज सदस्यताबाट बर्खास्त गरिने छैन ।

(ख) निर्वाचन खर्चको फाँटवारी बुझाई सक्नु पर्ने मितिले २ महिना वा निर्वाचन आयोगले कुनै खास अवस्थामा तोकिदिएको समय विती नसकेसम्म दफा १३ (घ) लागू हुने छैन ।

(१५) <u>प्रतिनिधि सभाको निमित्त सदस्यहरू निर्वाचन गर्ने घोषणा</u>:- निर्वाचन आयोगले सल्लाह बमोजिम श्री ५ महाराजधिरजबाट हरएक निर्वाचन क्षेत्रलाई यस सम्बन्धमा तोकिएको मिति सम्ममा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम र निकालिएको आदेश अनुसार प्रतिनिधि सभाको सदस्य निर्वाचन गर्न घोषणा गरिबक्सिने छ र सो गजेटमा प्रकाशित हुनेछ ।

(१६) <u>निर्वाचन क्षेत्रको निमित्त रिट्र्निङ्ग अफिसर</u>:- हरएक निर्वाचन क्षेत्रको निमित्त एक रिटर्निङ अफिसर हुनेछ । त्यस्तो अफिसर निर्वाचन आयोगले श्री ५ को सरकारसँग सल्लाह गरी सरकारी कर्मचारी मध्येबाट सुकर्रर गर्न सक्नेछ ।

एक अफिसरलाई एक भन्दा बढी निर्वाचन क्षेत्रको रिटर्निङ अफिसर मुकरर गर्न हुन्छ ।

(१७) <u>असिस्टेन्ट रिटर्निङ अफिसर</u>:- (१) हरएक रिट्रनिङ अफिसरलाई मद्दत दिन निर्वाचन आयोगले श्री ५ को सरकारसँग सल्लाह गरी एक वा एक भन्दा बढी असिस्टेन्ट रिटर्निङ अफिसर मुकर्रर गर्न सक्नेछ । यस्ता अफिसर पनि सरकारी कर्मचारी मात्र मुकर्रर हुनेछन् ।

(२) हरएक असिस्टेन्ट रिटर्निङ अफिसरले रिटर्निङ अफिसरले गर्न हुने काम वा कामहरू गर्न हुन्छ तर नोमिनेशन पत्र सदर वा खारेज गर्ने, जाच्ने वा मतदान पत्र गन्ने सम्बन्धी काम कुनै अनिवार्य कारणवश रिटर्निङ अफिसरले गर्न नसक्ने भएमा बाहेक असिस्टेन्ट रिटर्निङ अफिसरले गर्न हुँदैन ।

(१८) <u>रिटर्निङ अफिसरको सामान्य कर्तव्य</u> :- प्रतिनिधि सभाको हरएक सदस्यको निर्वाचनमा यो ऐन वा यस ऐन अन्तर्गतको नियम र आदेशले तोकेको रीत बमोजिम आफ्ना जिम्माको निर्वाचन क्षेत्रमा निर्वाचन गराउन आवश्यक सबै काम गराउनु रिटर्निङ अफिसरको सामान्य कर्तव्य हुनेछ ।

(१९) <u>निर्वाचन क्षेत्रको निमित्त मतदान केन्द्र खडा गर्ने काम</u> :- रिटर्निङ अफिसरले निर्वाचन आयोगको पूर्व स्वीकृति लिई आफ्नो जिम्माको हरएक क्षेत्रको निमित्त आवश्यक मतदान केन्द्रहरू खडा गर्ने छ । हरएक त्यस्ता केन्द्रको इलाका समेत खुलाई निर्वाचन आयोगले तोकेका तरिकाले त्यस्तो फिरिस्त प्रकाश गर्न लाउनेछ ।

<u>स्पष्टीकरण</u>ः मतदान केन्द्रको इलाका भन्नाले कुन कुन ठाँउ वा कहाँ कहाँ सम्मका मतदाताहरूको निमित्त सो केन्द्र बनाइएको हो सो ठाँउ लाई सम्झनुपर्छ ।

(२०) <u>मतदान केन्द्रको निमित्त प्रिजाइडिङ अफिसरको नियुक्ति</u> :- (१) रिटर्निङ अफिसरले आफ्नो जिम्माको हरएक निर्वाचन क्षेत्रको हरएक मतदान केन्द्रको

निमित्त एक एक जनाका दरले प्रिजाइडिङ अफिसरहरू नियुक्त गर्नु पर्छ । कुनै उम्मेदवारले निर्वाचन वा सो सम्बन्धी काममा लगाइ राखेको वा कुनै उम्मेदवारको पक्षमा वा निजको निमित्त कुनै काम गरी रहेको व्यक्तिलाई प्रिजाइडिङ वा पोलिङ अफिसर नियुक्त गर्न हुदैन ।

कुनै मतदान केन्द्रमा कुनै पोलिङ अफिसर गएल भएमा सो ठाँउमा खटिएका प्रिजाइडिङ अफिसरले सो केन्द्रमा हाजिर रहेका लेखिए देखि बाहेक कुनै व्यक्तिलाई निज पोलिङ अफिसर नआएसम्म पोलिङ अफिसर भइ काम गर्न नियुक्ति गर्नुपर्छ ।

(२) प्रिजाइडिङ अफिसरले अऱ्हाएमा यो ऐन वा यस ऐन अन्तर्गतको नियम वा आदेश बमोजिम निजले गर्नु पर्ने कुनै वा सबै काम पोलिङ् अफिसरले गर्नु पर्छ ।

(३) प्रिजाइडिङ अफिसर बिरामी भइ वा अरु कुनै कारणले मतदान केन्द्रमा हाजिर हुन नसकेमा रिटर्निङ अफिसरले यस कामको निमित्त खटाएका कुनै पोलिङ अफिसरले प्रिजाइडिङ अफिसरको काम गर्नु पर्छ ।

<u>स्पष्टीकरणः</u> उपदफा (२) र (३) को तात्पर्यका लागि प्रिजाइडिङ् अफिसरको काम गर्न खटिएका कुनै व्यक्ति प्रिजाइडिङ अफिसर मानिनेछन् ।

(२१) <u>प्रिजाइडिङ अफिसर र पोलिङ अफिसरको सामान्य कर्तव्य</u> :- (१) मतदान केन्द्रमा मत लिने काम राम्रोसंग गराउनु र सो ठाँउमा गडबडी हुन नदिनु प्रिजाइडिङ अफिसरको सामान्य कर्तव्य हुनेछ ।

(२) मतदान केन्द्रमा वा मत लिने स्थानमा प्रिजाइडिङ अफिसर लाई मद्दत दिनु पोलिङ अफिसरको कर्तव्य हुनेछ ।

## परिच्छेद — ४

### उम्मेदवारको नोमिनेशनपत्र

(२२) नोमिनेशनपत्र पेश गर्न, इत्यादि काम कुराको निमित्त मिति तोक्नेः- यस ऐनको दफा १५ अनुसार घोषणा प्रकाशित भएपछि निर्वाचन आयोगले सो निर्वाचन क्षेत्रमा देहायका कामलाई मिति तोकी सो कुराको सूचना सकभर चाँडो गजेटमा प्रकाश गर्नेछ ।

(क) नोमिनेशन दाखिल गर्ने नोमिनेशनपत्र दाखिल गर्ने आखरी मिति देहाय बमोजिम हुनेछ-

(१) यस दफा बमोजिम सूचना निकालेको मितिले १५ दिनपछि र

(२) दफा १५ बमोजिम प्रकाशित भएको घोषणाको मितिले ३५ दिन भित्र ।

(ख) नोमिनेशनपत्र जाँच गर्ने नोमिनेशपत्र जाँच गर्ने मिति नोमिनेशनपत्र पेश गर्ने आखिरी मितिले ७ दिन भन्दा बढी हुने छैन ।

(ग) उम्मेदवारबाट नाउँ फिर्ता लिने उम्मेदवारबाट नाउँ फिर्ता लिने आखिरी मिति नोमिनेशनपत्र जाँच गर्ने मिति पछि तेस्रो दिन सम्म हुनेछ ।

(घ) मत लिने-मत लिने मिति उम्मेदवारबाट नाम फिर्ता लिने आखिरी मितिले ६० दिन पछि हुनेछ ।

(२३) निर्वाचनको साधारण सूचनाः- दफा २२ अनुसार सूचना प्रकाश भएपछि सरोकारवाला रिटर्निङ अफिसरले निर्वाचन हुने कुरा र त्यसको निमित्त उम्मेदवारहरूको नोमिनेशपत्र फलाना ठाउँमा पेश गर्नु भनी तोकिएको फाराममा तोकिएको रितले सर्वसाधारणलाई सूचना दिनु पर्छ ।

(२४) निर्वाचनको निमित्त उम्मेदवारः- (१) यो ऐन अनुसार प्रतिनिधि सभाको सदस्य निर्वाचित हुन योग्यता पुगेका कुनै व्यक्तिलाई कुनै निर्वाचन क्षेत्रको सदस्यको स्थान पूर्ति गर्नका निमित्त निर्वाचनमा उम्मेदवार मनोनीत गर्नु हुन्छ ।

(२) कुनै उम्मेदवारलाई एकै निर्वाचन क्षेत्रमा निर्वाचनको निमित्त एक भन्दा बढी नोमिनेशनपत्र द्वारा मनोनीत गर्नुहुन्छ ।

(३) कुनै उम्मेदवारलाई एक भन्दा बढी निर्वाचन क्षेत्रमा निर्वाचनको निमित्त मनोनीत गर्नुहुन्छ ।

(२५) <u>मत दिने अधिकारः</u>- (१) यस ऐनले प्रष्ट रूपबाट निषेध गरेकोमा बाहेक प्रत्येक व्यक्तिको नाम जुन निर्वाचन क्षेत्रको मतदाताको नामवलीमा मतदाता भनी दरिएकोछ सो निर्वाचन क्षेत्रमा मात्र मत दिन पाउने छ ।

(२) यस ऐनको दफा ७ (१) मा लेखिएको कुनै व्यक्तिले कुनै निर्वाचनमा मत दिन पाउदैन ।

(३) कुनै व्यक्तिले एक भन्दा बढी निर्वाचन क्षेत्रमा मत दिएमा निजको सबै मत रद्द हुनेछ ।

(४) कुनै व्यक्तिको नाम कुनै निर्वाचन क्षेत्रको मतदाताको नामावलीमा एक पटक भन्दा बढी दर्ता हुन गएको भएता पनि निजले कुनै निर्वाचनमा एक पटक भन्दा बढी मन दिन हुदैन । दिएमा निजको सबै मतहरू रद्द हुनेछ ।

(५) सुरक्षा कानून अन्तर्गत थुनामा सम्म रहेका व्यक्ति बाहेक कैद वा थुनामा रहेका कुनै व्यक्तिले कुनै निर्वाचनमा मत दिन पाउने छैन ।

## परिच्छेद — ५

### <u>निर्वाचन खर्च र निर्वाचनको परिणाम घोषित गर्ने</u>

(२६) <u>निर्वाचित उम्मेदवारः</u>- कुनै निर्वाचन क्षेत्रमा सबभन्दा बढी मत पाउने उम्मेदवार सो निर्वाचन क्षेत्रबाट निर्वाचित भएको मानिनेछ ।

(२७) <u>निर्वाचनमा मत बराबर भएमा गर्ने</u>:- दुई वा दुई भन्दा बढी उम्मेदवारले बराबर मत पाएमा रिटर्निङ अफिसरले तिनीहरू मध्ये गोलाहाली जसलाई पर्छ उसलाई १ मत बढी पाएको संझनु पर्छ र निज निर्वाचित भएको मानिनेछ ।

(२८) <u>निर्वाचन परिणामको घोषणा</u>:- मत गनी सकेपछि रिटर्निङ अफिसरले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम अनुसार निर्वाचन परिणाम घोषित गर्नु पर्छ ।

(२९) <u>निर्वाचन खर्च</u>:- (१) निर्वाचन खर्चको माथिल्लो हद र निर्वाचन सम्बन्धमा रूपैयाँ खर्च गर्न काम लगाइने व्यक्तिहरूको संख्या र प्रकार नियममा तोकिएबमोजिमको हुनुपर्छ ।

(२) निर्वाचन समाप्त भएपछि सो निर्वाचनमा उम्मेदवार भई खडा भएको हरेक व्यक्तिले निर्वाचन सम्बन्धमा भएको खर्चको फाँटावारी तोकिएको समयमा रिटर्निङ्ग अफिसर छेउ पेश गर्नु पर्दछ र यस्तो फाँटवारीमा सो उम्मेदवार र निजको एजेन्टले दस्तखत गरेको हुनु पर्छ ।

(३) यस्तो फाँटवारी तोकिएको फर्ममा हुनेछ र त्यसमा तोकिएबमोजिमका विवरणहरू खुलाउनु पर्छ ।

(४) यस दफामा जे सुकै लेखिए तालपनि कुनै उम्मेदवार परदेश गएको भई निजले हिसाबको फाँटवारी पेश गर्न नसक्ने भएमा निर्वाचन सम्बन्धमा भएको खर्चको फाँटवारी उम्मेदवारको एजेन्टले सो फाँटवारीमा लेखिएका कुराहरू साँचो हुन् फरक गरी लेखि दिएको भए नेपाल

कानून बमोजिम सहुँला बुझाउँला भनी दस्तखत गरी स्थानीय हाकिमको समक्ष निजले बुझाए पुग्छ । उम्मेदवार देश भित्र फर्के पछि आई पुगेका मितिले चौदहदिन भित्र निजले उपरोक्त एजेन्टले दिएको विवरण ठीक छ भन्ने लिखित रिटर्निङ् अफिसरलाई पेश गर्नु पर्छ ।

(३०) नियमद्वारा व्यवस्था गर्नेः- निर्वाचन आयोगले देहायका कुराहरूमा नियम बनाई व्यवस्था गर्न सक्नेछ र त्यस्ता नियमहरू सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछन् ।

(१) रीत पूर्वकको नोमिनेशनपत्र पेश गर्नको निमित्त आवश्यक कुराहरू बारे।

(२) ढरौट बारे ।

(३) नोमिनेशन पत्रको सूचना र जाँच बुझ गर्ने समय बारे ।

(४) नोमिनेशनपत्रहरूको जाँचबुझ बारे ।

(५) उम्मेदवारबाट नाम फिर्ता लिन पाउने बारे ।

(६) नोमिनेशन पत्रको प्रकाशन बारे ।

(७) मत लिन भन्दा अगावै उम्मेदवार परलोक भएमा गर्ने बारे ।

(८) निर्विरोध र विरोध गरिएका निर्वाचनको कार्यविधि बारे ।

(९) मत लिन अगावै उम्मेदवारबाट नाम कटाउने बारे ।

(१०) मतदान पत्र लिई अरूलाई दिन रोक्ने वा मतदान पत्र दोहोर्‍याई लिन रोक्ने बारे ।

## परिच्छेद — ६

### निर्वाचन सम्बन्धी झगडा

(३१) उजुरी पेश गर्नेः- (१) कुनै उम्मेदवार वा मतदाताले तोकिएको रीतबमोजिम तोकिएको समयभित्र (दफा ४७ को उपदफा (१) वा (३) वा दफा ४८ मा लेखिएको कुनै एक वा एक भन्दा बढी कुरा भयो भनी निर्वाचन आयोगमा उजुरी पेश गर्नसक्छ ।

(२) सो उजुरी पत्र उजुरवाला वा निजकातर्फबाट अरू व्यक्तिले निर्वाचन आयोगका सेक्रेटरी वा यस कामको निमित्त निर्वाचन आयोगले खटाएका अरू कुनै अफिसरलाई आफै बुझाउनु पर्छ वा हुलाकद्वारा रजिष्टरी गरी लेखि पठाउनुपर्छ ।

(३२) उजुरवालाको पक्षहरूः- उजुरवालाले उजुरी पत्रमा कुनै निर्वाचन क्षेत्रबाट निर्वाचन भएको उम्मेदवार र भ्रष्टाचार अथवा अरू कुनै गैर कानूनी व्यवहारको आरोप लगाइएका उम्मेदवारलाई सो उजुरी पत्रमा विपक्षीको रूपमा सामेल गर्नु पर्छ ।

तर उजुरवालाले फलाना उम्मेदवारको निर्वाचन रद्द वा गैर कानूनी छ र आफै वा फलाना उम्मेदवार उचित तवरले निर्वाचित भएको हो भनी उजुरी

पत्रमा दाबी समेत गरेकोछ भने निजले उजुरी पत्रको विपक्षीको रूपमा उचित तवरले मनोनीत सबै उम्मेदवारहरूलाई शामेल गर्नु पर्छ ।

(३३) उजुरवालाले दाबी गर्न पाउने कुराहरूः- उजुरवालाले आफ्नो उजुरी पत्रमा देहाय बमोजिमको दाबी गर्न सक्छ ।

(क) कुनै निर्वाचित क्षेत्रको निर्वाचित उम्मेदवारको निर्वाचन रद्द वा गैर कानूनी ठहर्छ भनी,

(ख) निर्वाचित उम्मेदवारको निर्वाचन रद्द वा गैर कानूनी ठहर्छ र निज उजुरवाला आफै वा अरू कुनै उम्मेदवार उचित तवरले निर्वाचित भएको हो भनी,

(ग) कुनै निर्वाचन बिल्कुलै रद्दा वा गैर कानूनी ठहर्छ भनी,

(३४) ट्राइबनलको गठनः- (१) उजुरीपत्रको जाँचबुझ गरी निर्णय गर्नको निमित्त निर्वाचन आयोगले उपदफा (२) मा लेखिएको व्यक्तिहरू मध्येबाट एक वा तीन सदस्य भएको ट्राइबुनल गठन गर्नेछ र तीन सदस्य रहेमा चीफ इलेक्शन कमिश्नरले तोकेका व्यक्ति ट्राइबुनलको अध्यक्ष हुनेछन् ।

(२) त्यस्तो ट्राइबुनल गठन गर्नको निमित्त निर्वाचन आयोगले सर्वोच्च अदालतको प्रधान न्यायाधीशबाट कुनै अदालतको हाकिम भइसकेको वा हाकिम भई काम गरिरहेको वा कुनै अदालतमा पाँच वर्षसम्म वकालत

गरेका र प्रधान न्यायाधीशको रायमा ट्राइबुनलको सदस्य हुन योग्य ठहरिएको व्यक्तिहरूको फिरिस्त लिनेछ ।

(३) निर्वाचन आयोगले ट्राइबुनल गठनको सूचना नेपाल गजेटमा प्रकाशित गर्नेछ ।

(४) कुनै उजुरी पत्रको जाँचबुझ भइरहेको समयमा ट्राइबुनलको कुनै सदस्य कुनै कारणले आफ्नो काम गर्न नसक्ने भएमा निर्वाचन आयोगले उपदफा (२) मा लेखिएका व्यक्ति मध्येबाट अर्को सदस्य मनोनीत गर्नेछ ।

(३५) ट्राइबुनलको कार्यविधीः- (१) ट्राइबुनलले यथाशीघ्र उजुरीको प्रतिलिपि र उजूरवालाले सो उजुरीको सम्बन्धमा पेश गरेको सबूद प्रमाणको कागजातहरूको नक्कल शामेल राखी सबै प्रतिवादीलाई म्याद पठाउने छ र नेपाल गजेटमा समेत ती कागजात प्रकाशित गर्ने गराउने छ । नेपाल गजेटमा त्यस्तो प्रकाशन भएको मितिले १४ दिन भित्र अरू कुनै उम्मेदवार पनि तोकिएको रीतबमोजिम ट्राइबुनलले तोकेको धरौट दाखेल गरी प्रतिवादीको रूपमा खडा हुन पाउने छ ।

(२) यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमहरूको अधीनमा रही निर्वाचन विषयका सबै उजुरीहरू ट्राइबुनलले हेर्नेछ र त्यस्तो उजुरी किनारा लगाउदा ट्राइबुनलले यथासम्भव देवानी अदालतलाई भएको कार्यप्रणाली अपनाउनेछ ।

तर-

(क) ट्राइबुनलले कुनै उजुरी विषयमा साक्षी बुझेकोमा सो साक्षीको बयानको सारांशसम्म लेखबद्ध गरे पुग्छ र उजुरी गर्ने पक्षले वा अरू कसैले साक्षीको लिखित बयान लिनु पर्छ भन्ने व्यहोराको दरखास्त दिई ट्राइबुनललाई पनि सो व्यहोरा मनासीव लागेमा बाहेक ट्राइबुनलले कुनै साक्षीको बयान सबै अक्षरशः लेखबद्ध गर्नु आवश्यक छैन ।

(ख) कुनै उजुरीमा कुनै पक्षबाट पेश भएको कुनै साक्षी सो उजुरीको निर्णयको लागि बुझ्न आवश्यक छैन भन्ने लागेमा वा साक्षी बकाउन खोज्नुको तात्पर्य निरर्थक छ भन्ने लागेमा वा कारवाई लम्ब्याउने उद्देश्यले साक्षी बकाउन खोजेको हो भन्ने लागेमा ट्राइबुनलले सो व्यहोराको पर्चा खडा गरी त्यस्तो साक्षी बुझ्न इन्कार गर्न पनि सक्नेछ ।

(३) दफा ३१ बमोजिम रीत नपुगेको कुनै उजुरी ट्राइबुनलले खारेज गर्न सक्नेछ ।

(३६) <u>ट्राइबुनल समक्ष उपस्थित हुने</u>:- झगडाका पक्षका कुनै व्यक्तिले ट्राइबुनल समक्ष उपस्थित हुनु पर्दा दर्खास्त दिनु पर्दा वा पैरवी गर्नु पर्दा आफैले गर्न वा आफ्नो वारेस तथा वकील राख्न सक्नेछ ।

तर आवश्यक ठानेमा ट्राइबुनलले कुनै पक्षको सम्बन्धित व्यक्ति नै उपस्थित हुनु पर्दछ भन्ने आदेश दिन सक्नेछ ।

(३७) ट्राइबुनलको अधिकार :- ट्राइबुनल छेउ पेश भएको झगडामा ट्राइबुनललाई देहायका कुरामा देवानी अदालतलाई भएको सबै अधिकार हुनेछः-

(क) झगडिया झिकाउने ।

(ख) बयान वकपत्र गराउने

(ग) साछी प्रमाण बुझ्ने

(घ) साछीहरूलाई उपस्थित गराउने र साछी बुझ्न चाहिने खर्च दाखिल गराउने ।

(ङ) कागजपत्र पेश गर्न लगाउने ।

(च) मुलतवी राख्ने ।

(छ) अन्यत्र रहेको साछीको बयान वक पत्र सोही इलाका अदालतबाट गराउने र

(ज) बयानबाट वा पेट बोलिबाट खुल्नदेखिन आएमा नयाँ कुराहरू जाँच बुझ गर्ने ।

तर-

(क) ट्राइबुनलमा परेको झगडामा झगडिया झिकाउँदा बाटाको म्याद बाहेक पन्द्रह दिन सम्म र साक्षी झिकाउँदा बाटाको म्याद बाहेक सात दिन सम्मको म्याद हुनेछ ।

(ख) यस्तो ट्राइबुनलमा परेको मुद्दामा आवश्यक कारण परी अर्जि गर्नु परेमा पन्द्रह दिन सम्मको र तोकिएको म्याद तारेख गुज्री थमाउनु पर्नेमा थमाउनेलाई गुज्रेको मितिले पन्द्रह दिन भित्र थमाई सक्नु पर्ने छ ।

(३८) एकै ट्राइबुनलमा पठाउनु पर्ने सम्बन्धित उजुरी पत्रहरू :- एकै निर्वाचन बारेमा एक भन्दा बढी उजुरी पत्रहरू पेश भएमा निर्वाचन आयोगले सो सबै एकै ट्राइबुनललाई जाँचबुझ गर्न पठाउनु पर्छ ।

(३९) जाँचबुझको स्थानः- चीफ इलेक्शन कमिश्नरले तोकेको ठाउँमा ट्राइबुनल बस्ने छ ।

(४०) जाँचबुझ गर्दा गभर्नमेन्ट एडभोकेट झिकाउने अधिकार :- (१) कुनै उजुरी पत्रको जाँचबुझ गर्दा ट्राइबुनलले गभर्नमेन्ट एडभोकेट वा निजको निर्देशानुसार काम गर्ने कुनै व्यक्तिलाई सो जाँच बुझमा उपस्थित हुन झिकाउन सक्ने छ ।

(२) गभर्नमेन्ट एडभोकेट वा निजको निर्देश अनुसार काम गर्ने व्यक्तिले पनि लेखिए बमोजिम झिकाएमा जाँच बुझ हुँदा उपस्थित हुनु पर्छ र उक्त काममा ट्राइबुनलले अराए बमोजिज भाग लिनु पर्छ ।

(४१) <u>मतदानको गोप्यता भंग गर्न नहुने</u> :- कुनै पनि साक्षी वा अरू व्यक्तिलाई निर्वाचनमा निजले कसलाई मत दिएको हो भनी सोध्न हुँदैन ।

(४२) <u>दोषी हुने प्रश्नोत्तर</u> :- (१) निर्वाचन उजुरी पत्रको जाँचबुझमा कुनै साक्षीले कुनै प्रश्नको उत्तर दिए आफू दोषी हुन्छ भनी वा आफुलाई कुनै दण्ड वा जरिवाना हुन्छ वा हुन सक्नेछ भनी कुनै उत्तर दिन इन्कार गर्न पाउने छैन ।

तर-

(क) कुनै साक्षीले आफूलाई सोधिएको सबै प्रश्नको उत्तर साँचो दिएमा सो उत्तरबाट निजलाई लाग्न सक्ने कुनै दोषको अभियोग नलाग्ने र दण्ड सजाय नहुने गरी ट्राइबुनलबाट सर्टीफिकेट मागेमा दिनु पर्छ ।

(ख) ट्राइबुनलले सोधेको वा ट्राइबुनलको कार्यबाहीमा सोधिएको प्रश्नमा कुनै साक्षीले दिएको उत्तरलाई निजको विरूद्ध चलेको कुनै फौज्दारी वा देवानी मुद्दामा प्रमाणको रूपमा पेश गर्न पाइने छैन ।

(२) प्रश्नको उत्तरबाट निज साक्षी यो ऐन वा प्रचलित ऐन अनुसार निर्वाचनमा मत दिन वा उम्मेदवार भई खडा हुन अयोग्ग हुने भएमा तोकिएको अवधिसम्म निज अयोग्य हुनेछ ।

(४३) <u>साक्षीको खर्च</u> :- प्रमाण दिनालाई हाजिर गराइएका कुनै साक्षीलाई हाजिर हुन आउँदा र फर्कदा लागेको मनासीव माफिकको खर्च ट्राइबुनलले भर्न लाउनेछ। यस्तो खर्च जाँचबूझको खर्च मानिने छ ।

(४४) <u>स्थान दावी बारे परस्पर दोषारोपण</u> :- (१) कुनै उजुरी पत्रमा निर्वाचित उम्मेदवारको सट्टा अरू कुनै उम्मेदवार उचित तवरले निर्वाचित भएको भनी दावी गरिएको भए निर्वाचित उम्मेदवार वा अरू कुनै व्यक्ति वा दलले उक्त दावीमा देखाइएको उम्मेदवार निर्वाचित भएको भए र निजको निर्वाचनमा शंका देखाई उजुरी पत्र पेश भएको भए निज निर्वाचित भएको भएपनि निजको निर्वाचन गैर कानूनी हुने थियो भनी प्रमाणित गर्नु पर्नेछ ।

तर सो उजुरी पत्र प्रकाशित भएको मितिले १४ दिन भित्र ट्राइबुनलमा लेखिएबमोजिको प्रमाण पेश गर्न मनसुवा छ भनी सूचना र नियम बमोजिम ढरौट नदिएसम्म उपरोक्त उम्मेदवार वा सो अर्को दलले लेखिएको प्रमाण पेश गर्न पाइने छैन ।

(२) उपदफा (१) मा उल्लेख गरिएको हरएक सूचनाको साथसाथै उजुरी पत्र साथ पेश गर्न पर्ने बयान र फेरिस्त तोकिएको रीत पुर्‍याई पेश गर्नु पर्छ ।

(४५) <u>ट्राइबुनलको निर्णय</u>:- कुनै उजुरीपत्रको जाँचबुझ समाप्त भएपछि सो ट्राइबुनलले फैसला गरी देहायबमोजिमको आदेश दिनुपर्छ ।

(क) उजुरीपत्र डिसमिस गरी, वा

(ख) निर्वाचित उम्मेदवारको निर्वाचन गैर कानूनी तरीकाले भयो भनी सो निर्वाचन रद्द गरी, वा

(ग) निर्वाचित उम्मेदवारको निर्वाचन गैर कानूनी तरीकाले भयो र उजुरवाला वा अरू कुनै उम्मेदवार उचित तवरले निर्वाचित भएको हो भनी, वा

(घ) निर्वाचन बिलकुलै गैर कानूनी तरीकाले भएको हो भनी सो निर्वाचन रद्द गरी,

(४६) ट्राइबुनलले दिने अरू आदेशहरूः- (१) ट्राइबुनलले दफा ४५ अनुसार आदेश दिंदा देहायबमोजिमको आदेश पनि दिनुपर्छ ।

(क) उजुरीपत्रमा कुनै भ्रष्टाचार वा गैर कानूनी व्यवहार गरिएकोछ भनी दोष लगाइएको भएमाः-

(१) निर्वाचनमा कुनै उम्मेदवार वा निजको एजेन्टले वा दुइ मध्ये कुनैको सम्मतिले अरू कसैले भ्रष्टाचार वा गैर कानूनी व्यवहार गरेको सावित भए नभएको र सावित भएको भए कुन प्रकारको भ्रष्टाचार वा गैर कानूनी व्यवहार गरेको सावित भएको हो सो खोली र,

(२) सो भ्रष्टाचार वा गैर कानूनी व्यवहार गर्ने सबै व्यक्तिहरूको नाम, थर, वतन र निजले गरेको अपराधको किसिम खोली र यस सम्बन्धमा कुनै व्यक्ति यस ऐन बमोजिम मत दिन अयोग्य हुने भए सो अयोग्यता हटाउन मनासीव ठहराए सो पनि गर्न सिफारिश गरी, र

(ख) जाँचबुझको खर्चको अङ्क तोकी र सो कसले कसलाई तिर्ने ठेगाना गरी,

तर देहाय (क) (२) अनुसार निकालेको कुनै आदेशमा कुनै व्यक्तिको नाम दिनु परे देहायको अवस्थामा मात्र दिनु हुन्छ ।

(क) लेखिएका व्यक्तिलाई ट्राइबुनल सामुन्ने हाजिर भई सफाई दिने भए दिन आउनु भन्ने सूचना दिंदा निज सफाई दिन नआएमा वा,

(ख) सूचनाअनुसार निज हाजीर भए निजलाई आफू विरुद्ध सो ट्राइबुनलमा सबूत दिने साक्षीलाई सोधपूछ गर्न र आफू निर्दोष छु भनी ट्राइबुनलमा सबूत प्रमाण पेश गर्ने मौका पाए तापनि निजले आफू निर्दोष छु भनी सफाइ दिन नसकेमा,

(२) उपदफा (१) को देहाय (ख) बमोजिम खर्च बारे निकालेको कुनै आदेशमा दफा ४० बमोजिम ट्राइबुनलले झिकाइ हाजीर भएका सो दफामा लेखिएका अफिसरलाई पनि खर्च दिनु भनी निर्देश दिन हुन्छ ।

(४७) <u>निर्वाचन गैर कानूनी गर्नु पर्ने अवस्थाः</u>- (१) कुनै निर्वाचन देहाय बमोजिमको भयो भनी ट्राइबुनलले ठहराएमा सो निर्वाचन बिलकुलै गैर कानूनी हुनेछ ।

(क) सो निर्वाचनमा व्यापक रूपमा घूसखोरी वा अनुचित प्रभाव आदि भ्रष्टाचार हुन गइ निर्वाचन स्वतन्त्र भएन, वा

(ख) कुनै जाति वा वर्गमाथि कुनै अर्का जाति वा वर्गले कुनै तरीकाबाट मत दिन वा नदिन करकाप गरेको वा डर धाक देखाएको वा धम्की दिएकोले सो निर्वाचन स्वतन्त्र भएन, वा

(ग) सदर गर्न नहुने कुनै नोमिनेशनपत्र सदर गरिएकोले वा बदर वा खारेज गर्नु पर्ने नोमिनेशनपत्र बदर वा खारेज नगरिएकोले सो निर्वाचनको नतिजा वास्तवमा फरक भयो,

(२) ट्राइबुनलले देहाय बमोजिम ठहराएमा उपदफा (३) को अवस्थामा बाहेक निर्वाचित उम्मेदवारको निर्वाचन गैर कानूनी भनी फैसला गर्नु पर्छ ।

(क) भ्रष्टाचार वा गैर कानूनी व्यवहारको जोरले कुनै उम्मेदवार निर्वाचित भएको हो वा भ्रष्टाचार वा गैर कानूनी व्यवहारले गर्दा निर्वाचनको फल वास्तवमा फरक भएको हो भनी वा,

(ख) कुनै निर्वाचित उम्मेदवार वा निजको एजेण्ट वा ती मध्ये कसैको सम्मतिले अरू कुनै व्यक्तिले दफा ५५ मा लेखिएको कुनै भ्रष्टाचार गरेको हो भनी वा,

(ग) कुनै खारेज गर्नु पर्ने मत खारेज नगर्नाले वा सदर गर्नु पर्ने मत सदर नगर्नाले यो ऐन वा यस ऐन अन्तर्गतको कुनै नियम वा आदेश अनुसार नगर्नाले वा तोकिएको कुनै फारामको प्रयोगमा कुनै भूल हुनाले निर्वाचनको फल वास्तवमा फरक परेको हो भनी,

(३) ट्राइबुनलको रायमा कुन उम्मेदवार निजको निर्वाचन एजेन्ट बाहेक अरू कुनै एजेन्टद्वारा दफा ५५ मा लेखिएका कुनै भ्रष्टाचारको दोषी हो भन्ने लागेमा,

तर ट्राइबुनललाई देहायको कुरामा चित्त बुझेमा ट्राइबुनले निर्वाचित उम्मेदवारको निर्वाचन गैर कानूनी तौरले भएको छैन भनी निर्णय गर्न सक्छ ।

(क) सो निर्वाचनमा उम्मेदवार वा निजका निर्वाचन एजेन्टले त्यस्ता कुन भ्रष्टाचार गरेको छैनन् र जो भएको भ्रष्टाचार उम्मेदवार वा निजका निर्वाचन एजेन्टको आज्ञा विरुद्ध र विना अनुमति सम्मतिले भएको हो भन्ने, र

(ख) सो भ्रष्टाचार मामुली हो वा स्थिति अनुसार आदर सत्कारमा गरेको हो र त्यसको निर्वाचनको परिणाममा केही असर परेन भन्ने, र

(ग) उम्मेदवार र निजका निर्वाचन एजेन्टले सो निर्वाचनमा भ्रष्टाचार वा गैर कानूनी व्यवहार हुन नदिन सकभर उपाय गरे भन्ने, र

(घ) उम्मेदवार वा निजका एजेन्टहरू मध्ये कुनै एजेन्टबाट सो निर्वाचनमा अरू भ्रष्टाचार वा गैर कानूनी व्यवहार भएको छैन भन्ने भएमा,

(४८) निर्वाचित उम्मेदवारको सट्टा अर्को उम्मेदवार निर्वाचित गर्नुपर्ने अवस्थाः- उजुरवालाले आफ्नो निर्वाचित उजुरीमा उम्मेदवारको निर्वाचनमा शंका गर्नका अतिरिक्त निज आफै वा अरू कुनै उम्मेदवार उचित तवरले निर्वाचित भएको हो भन्ने फैसला गरियोस् भनी दावी गरेमा र ट्राइबुनलको रायमा —

(क) वास्तवमा निज उजुरवाला वा अरू कुनै उम्मेदवारले वैध तरीकाले बहुमत पाएको हो भन्ने ठहराएमा वा

(ख) भ्रष्टाचार वा गैर कानूनी व्यवहारद्वारा निर्वाचित उम्मेदवारले मतहरू नपाएको भए उजुरवाला वा अरू कुनै उम्मेदवारले वैध तरीकाले बहुमत पाउने थिए भन्ने ठहराएमा,

ट्राइबुनलले निर्वाचित उम्मेदवारको निर्वाचन गैर कानूनी भनी फैसला गरी उजुर वाला वा अरू जो उम्मेदवार उचित तवरले निर्वाचित भएको ठहर्छ सो निर्वाचित भएको हो भनी फैसला गर्नु पर्छ ।

(४९) ट्राइबुनलका सदस्यहरूमा मतभेदः- उजुरीपत्रको जाँचबुझको कुनै विषयमा सो ट्राइबुनलका अध्यक्ष र सदस्यहरू मध्ये मतभेद भएमा वा जाँचबुझ सकिएपछि दफा ४५ वा ४६ अनुसार निकाल्नु पर्ने आदेश बारे मतभेद भएमा धेरैको जे राय हुन्छ सोही बमोजिम गरी आदेशमा समेत लेख्नु पर्छ ।

(५०) अपील लाग्ने र अपील नपरेमा आदेश वा फैसला अन्तिम हुनेः- (१) ट्राइबुनलले दिएको आदेश वा फैसलाउपर चित्त नबुझ्नेले आदेश वा फैसला भएका मितिले बाटाको म्याद बाहेक ७ दिन भित्र सर्वोच्च अदालतमा अपील दिन सक्नेछ ।

(२) यस परिच्छेदमा लेखिएबमोजिम ट्राइबुनलले दिएको फैसला वा आदेशउपर अपील नपरेमा सर्वोच्च अदालतमा अपील लाग्ने म्याद भुक्तान भएपछि ट्राइबुनलको आदेश वा फैसलालाई र अपील परेमा

सर्वोच्च अदालतबाट फैसला वा आदेश भएपछि सो अदालतको फैसला वा आदेशलाई अन्तिम निर्णय मानिनेछ ।

(५१) निर्वाचन आयोगमा फैसला वा आदेशको सूचना पठाउनेः- (१) कुनै उजुरीमा निर्णय गरे पछि ट्राइबुनलले सो उजुरीको सम्बन्धमा गरेको आदेश वा फैसलाको प्रतिलिपि निर्वाचन आयोगमा र जुन जिल्लामा ट्राइबुनल बसेको छ सो जिल्लाको बडाहाकिम वा मेजिष्ट्रेट कहाँ तुरुन्त पठाई दिनुपर्छ ।

(२) अपील परेकोमा सर्वोच्च अदालतले सो अपीलमा गरेको फैसला वा आदेशको प्रतिलिपि निर्वाचन आयोगमा पठाउनेछ र निर्वाचित आयोगले पनि सम्बन्धित इलाकाको बडाहाकिम वा मेजिष्ट्रेटलाई सूचना दिनु पर्ने छ ।

(५२) सम्बन्धित अख्तियारवालालाई आदेश पठाउने र त्यस्को प्रकाशनः- दफा ५० को उपदफा (२) बमोजिम अन्तिम निर्णय भएको फैसला वा आदेश पाएपछि निर्वाचन आयोगले सकभर छिटो सो फैसला वा आदेशको नक्कल श्री ५ को सरकार र प्रतिनिधि सभाका अध्यक्षकहाँ पठाई नेपाल गजेटमा समेत प्रकाशित गराउनुपर्छ ।

(५३) प्रकाशित भएपछि लागू हुनेः- अन्तिम निर्णयको सूचना दफा ५२ अनुसार नेपाल गजेटमा प्रकाशित भएका मितिदेखि मात्र ट्राइबुनलको आदेश वा फैसला वा सर्वोच्च अदालतको फैसला वा आदेश लागू भएको मानिनेछ । त्यसरी

लागू नभए सम्म निज रीतपूर्वक निर्वाचन भएको सदस्य सरह सभामा सदस्यको अधिकार प्रयोग गरिनै रहनेछ ।

(५४) मत बराबर भएमा गर्नेः- उजुरी पत्रको जाँचबुझमा सो निर्वाचनको उम्मेदवारहरूको मतको संख्या बराबर देखिन आयो र एकै मत जोडी दिनाले निजहरु मध्ये एक जना निर्वाचित भनी घोषित गर्न सकिने भएमा-

(क) रिटर्निङ् अफिसरले यस ऐन अनुसार कुनै त्यस किसिमको निर्णय गरेको भए उजुरीपत्रको कामका निमित्त सो लागू हुने छ र

(ख) सो नगरेको भए ट्राइबुनलले निजहरु मध्ये गोला हाली जस्लाई पर्छ निजले एक मत थप पाएको मानी अरु कारवाई गर्नुपर्छ ।

## परिच्छेद — ७

## भ्रष्टाचार गैर कानूनी व्यवहार र निर्वाचन सम्बन्धी अपराधहरू

(५५) भ्रष्टाचारः- यस ऐनको तात्पर्यको लागि कसैले देहायको कुराहरू मध्ये कुनै एक कुरा गरेमा भ्रष्टाचार गरेको मानिने छ ।

१. (१) कुनै उम्मेदवारले वा निजको एजेन्टले वा निजहरू मध्ये कुनै एकको सम्मतिले अरू कसैले प्रत्यक्ष वा अप्रत्यक्ष रूपले देहायबमोजिम गराउने उद्देश्यले कसैलाई दान बकस वा घूस रोसवत दिए वा दिने वचन दिएमा ।

(क) कुनै निर्वाचनमा कसैलाई उम्मेदवार भै खडा गराउन वा खडा हुनबाट रोक्न वा सो भएकोबाट नाम फिर्ता लिन लगाउन वा

(ख) कुनै निर्वाचनमा कुनै मतदातालाई मत दिन वा मत नदिन वा मत नदिन लगाउन,

(२) कुनै उम्मेदवारले वा निजको एजेन्टले वा निजहरू मध्ये कुनै एकको सम्मतिले अरू कसैले देहायबमोजिम गरे बापत कसैलाई इनामको रूपमा दिएमा ।

(क) कसैले कुनै व्यक्तिलाई उम्मेदवार भई खडा लगाए वा खडा हुन नलगाए वा उम्मेदवारबाट नाम फिर्ता लिन लगाएमा वा,

(ख) कुनै मतदातालाई मत दिन वा नदिन लगाएमा ।

व्याख्याः- यस दफामा घूस भन्नाले कुनै जिन्सी वा नगदी वा इनामको रूपमा दिएको कुनै प्रकारको प्रलोभन (भोजन जलपान इत्यादि) वा सेवा पनि हुनेछ तर यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम अनुसार खर्च गर्न हुने कलममा खर्च भएको रूपैया तिरेको र सो निर्वाचन खर्चको फाँटमा देखाएको कलम घूस ठहरिने छैन ।

२. अनुचित प्रभाव अर्थात् कुनै उम्मेदवारले वा निजको एजेन्टले वा निजहरू मध्ये कुनै एकको सम्मतिले कुनै अर्को मानिसले मत दिने अधिकारमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हस्तक्षेप गरेको वा गर्न उद्योग गरेकोमा ।

तर (क) यस दफाको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी माथि उल्लेख भएको कुनै व्यक्तिले देहायबमोजिम गरेमा यस दफाको तात्पर्यको लागि त्यस्तो उम्मेदवार वा मतदाताको मताधिकारमा हस्तक्षेप गरेको मानिनेछ ।

(१) कुनै उम्मेदवार वा कुनै मतदातालाई वा कुनै उम्मेदवार वा कुनै मतदाता संग सम्बन्धित कुनै व्यक्तिलाई कुनै किसिमको सामाजिक बहिष्कार गर्ने धम्की दिएमा वा,

(२) कुनै उम्मेदवार वा कुनै मतदातालाई वा कुनै उम्मेदवार वा कुनै मतदातासंग सम्बन्धित कुनै व्यक्तिलाई दैवीप्रकोप वा पापको भागी हुनेछ भन्ने विश्वास दिलाए वा दिलाउन उद्योग गरेमा ।

(ख) सरकारी नीति वा कामको घोषणा गरेको वा मत दिने अधिकारमा वाधा नदिने मनसायले कानूनी

अधिकारको प्रयोगसम्म गरेको यस दफाको तात्पर्यको लागि हस्तक्षेप गरेको मानिने छैन ।

३. कसैले अर्काको नाम चोरी मतदानपत्र लिएमा लिन आएमा वा लिनमा मद्दत दिएमा वा मतदानपत्र दिलाउन कोशिश गरेमा वा सो वा अरू कुनै निर्वाचन क्षेत्रमा एक पटक मत दिइ सकेको हुनाले सो निर्वाचनमा अर्को पटक मत दिन नपाउने कसैलाई मतदानपत्र लिन लगाएमा वा दिलाउन मद्दत गरेमा वा दिलाउन कोशिश गरेमा वा नाम ढाँटी अर्को नामको मतदानपत्र लिएमा वा लिन लगाएमा वा लिन उद्योग गरेमा ।

४. कुनै उम्मेदवारले वा निजको एजेन्टले वा निजहरू मध्ये कसैको सम्मतिले अरू कुनै व्यक्तिले मत लिने काम भइ रहेको बेलामा मतदान दिने केन्द्रबाट मतदानपत्र बाहिर ल्याएमा,

५. कसैले कुनै उम्मेदवारको व्यक्तिगत चरित्र वा आचरण बारेका कसैको उम्मेदवारी वा उम्मेदवारबाट नाम फिर्ता लिने बारे निजलाई निर्वाचनमा हानि हुने गरी आफैले झुठो हो भनी वा सत्य होइन भनी विश्वास गरेको कुनै कुरालाई वास्तवमा भएको कुरा भनी प्रकाश गरेमा,

६. कसैले आफू, आफ्नो परिवार वा आफ्नो एजेन्ट बाहेक अरू कुनै मतदातालाई कुनै मतदान केन्द्रसम्म वा त्यहाँबाट वसार्न भाडामा वा अरू प्रकारले कुनै सवारी लिएमा वा लिन लगाएमा ।

तरः-

(१) कुनै मतदाता वा केही मतदाता मिली साजामा सो ठाउँसम्म जान र फर्किन कुनै सवारी भाडामा लिएमा भ्रष्टाचार मानिनेछैन वा,

(२) कुनै मतदाताले सो ठाउँमा जान र फर्कन आम जनता वसार्न सवारी वा रेलगाडी इत्यादि दिई आफ्नो खर्चले सफर गरेमा यस दफा अनुसार भ्रष्टाचार गरेको मानिने छैन ।

७. कसैले यो ऐन वा यस ऐन अन्तर्गतको कुनै नियम विरुद्ध कुनै खर्च गरेमा वा खर्च गर्न अधिकार दिएमा वा कुनै व्यक्तिलाई काममा लगाएमा,

८. कसैले कुनै सरकारी कर्मचारीबाट निजको मत पाउनु सिवाय निर्वाचनमा आफ्नो जीत गराउन अरु कुनै प्रकारको मदत लिएमा वा लिने कोशिश गरेमा,

९. कसैले निर्वाचन खर्चको फाँटका कुनै महत्वपूर्ण विषयमा झूठो व्यहोरालाई साँचो हो भनी भनेमा,

१०. कसैले कुनै उम्मेदवारलाई निर्वाचन जिताउन धर्मको नाममा वा सम्प्रदाय जात वा धर्मको आधारमा मत दिन वा मत नदिन नियमित रूपले अपील गरेमा,

(५६) <u>गैर कानूनी व्यवहार</u>:- यस ऐन अनुसार देहायका कुराहरू गैर कानून व्यवहार मानिने छ ।

(१) कुनै उम्मेदवार वा निजका एजेन्ट बाहेक अरू कुनै उम्मेदवारलाई निर्वाचन जिताउन आमसभा गर्नमा वा विज्ञापन वा सर्कुलर निकाल्नमा वा अरू कुनै प्रकारको काम गर्न निज उम्मेदवारबाट इजाजत नलिई केही रकम आफै खर्च गरे वा अरूलाई गर्न इजाजत दिएमा, वा

(२) सर्वसाधरण जनतलाई नसा लाग्ने कुरा बिक्री हुने कुनै घर कोठा वा अरू कुनै ठाउँ मतदाताहरूको सभा गर्न भाडामा लिएमा वा दिएमा वा यस्ता ठाउँलाई लेखिएको काममा प्रयोग गरेमा वा

(३) छाप्ने र प्रकाश गर्नेका नाम ठेगाना नभएको निर्वाचन सम्बन्धी कुनै विज्ञप्ति, पर्चा वा विज्ञापन वितरण गरेमा,

(५७) <u>निर्वाचन हुने दिन आम सभाहरूको मनाही र निर्वाचन सम्बन्धी आम सभाहरूमा गोलमाल</u> :- (१) कुनै व्यक्तिले कुनै मतदान केन्द्रको इलाकाभित्र मत लिने मिति वा मितिहरूमा कुनै आमसभा बोलाउन, गर्न वा सो सभामा हाजीर हुन हुदैन ।

(२) कुनै निर्वाचन क्षेत्रको सदस्य निर्वाचन गर्ने सूचना प्रकाशित भएको मितिदेखि निर्वाचन हुने दिन सम्ममा भएका कुनै पनि राजनैतिक

किसिमको आम सभामा कुनै व्यक्तिले सो आम सभाको कार्यवाही हुन नदिन कुनै गोलमाल गर्न वा गर्न लाउन हुदैन ।

(३) कुनै व्यक्तिले उपदफा (२) अन्तर्गतको अपराध गर्‍यो भन्ने शंका गर्ने उचित कारण देखेमा कुनै पनि पुलिस अफिसरले सो आम सभाको सभापतिको अनुरोधमा सो व्यक्तिको नाम र ठेगाना सोध्नेछ र निजले आफ्नो नाम र ठेगाना बताउन इन्कार गरेमा वा गलत नाम र ठेगाना बताएको छ भने शंका गर्ने उचित कारण भएमा पुलिस अफिसरले निजलाई बिना वारेन्ट पक्रन सक्छ ।

(५८) मतदान गुप्त राख्ने :- कानूनले अख्त्यार दिएमा बाहेक प्रत्येक अफिसर कारिन्दा, एजेन्ट वा अरू व्यक्तिले मत दर्ता वा गन्ती गर्ने काम वा यस ऐन बमोजिमको मतदान समम्बन्धी अरू कुराहरू गुप्त राख्नु पर्छ ।

(५९) निर्वाचनको काममा खटिएका अफिसरले उम्मेदवारहरू निमित्त मतदानमा प्रभाव पर्ने काम गर्न नहुने :-

(१) रिटर्निङ अफिसर वा असिष्टेण्ट रिटर्निङ अफिसर वा प्रिजाईडिङ अफिसर वा पोलिङ अफिसरले वा निर्वाचन सम्बन्धी कुनै काम गर्ने प्रिजाइडिङ अफिसर वा रिटर्निङ अफिसरले खटाएको कुनै कर्मचारीले निर्वाचनको काम वा सो गर्न बन्दोबस्त गर्दा आफ्नू मत दिन बाहेक कुनै

उम्मेदवारलाई निर्वाचनमा सफल वा असफल गराउने कुनै किसिमको काम गर्न हुँदैन ।

(२) उपरोक्त कुनै कर्मचारीले निर्वाचनमा देहाय बमोजिम गर्न वा सो गर्ने कोशिश गर्न हुँदैन ।

(क) कुनै व्यक्तिलाई मत दिन प्रेरणा गर्न, वा

(ख) कुनै व्यक्तिलाई मत नदिन प्रेरणा गर्न वा,

(ग) कुनै व्यक्तिलाई मत दिने बारे कुनै तरीकाले प्रभाव पार्न,

(६०) <u>मतदान केन्द्र वा त्यसको नजिकमा प्रचार गर्न निषेध</u> :- (१) कुनै मतदान केन्द्रमा मत लिइने मिति वा मितिहरूमा कुनै व्यक्तिले सो ठाउँ भित्र वा त्यसको एकसय गजको गिर्जा भित्र कुनै स्थानमा देहायका कुनै पनि काम गर्न हुँदैन ।

(क) फलानालाई मत दिनु भनी प्रचार गर्न, वा

(ख) कुनै मतदातासंग तपाईको मत फलानालाई दिनु होस् सो बमोजिम गर्न वा मनाउन कोशिश गर्ने वा,

(ग) कुनै मतदातालाई फलाना उम्मेदवारलाई मत दिनु भनी सो बमोजिम गर्न वा मनाउन कोशिश गर्ने वा,

(घ) सो निर्वाचनमा कुनै मतदातालाई मत नदिन प्रेरणा गर्ने, वा

(ङ) निर्वाचन सम्बन्धी (सरकारी सूचना बाहेक) कुनै सूचना वा चिन्ह प्रदर्शन गर्ने

(२) यस दफाले सजाय हुने कुनै अपराध कसैले गरेको देखे सो ठाउँमा खटिएका पुलिस कर्मचारीले बिना वारेन्ट निजलाई पक्रि कारवाईको निमित्त चलान गर्नु पर्छ ।

(६१) <u>मतदान केन्द्र वा त्यसको आसपासमा शान्ति भंग हुने काम गर्न निषेध</u> :- (१) मतदान केन्द्रमा मत दिन आउने मतदाताहरूलाई दिक्क गर्ने गरी वा सो ठाउँमा खटिएका सरकारी कर्मचारीहरूको काममा बाधा हुने गरी मतदान केन्द्रमा वा त्यस्को ढोकामा वा त्यसको आसपास कुनै सार्वजनिक वा प्राइभेट ठाउंमा देहाय बमोजिम गर्न हुदैन ।

(क) कसैले लाउडस्पीकार, मेगाफोन वा त्यस्तै किसिमको यन्त्र प्रयोग गर्ने, वा

(ख) कराउन, हल्ला मचाउन वा अशान्ति फैलाउने काम गर्न ।

(२) कुनै मतदान केन्द्रका प्रिजाइडिङ अफिसरलाई कुनै व्यक्तिले यस दफा अनुसार सजाय हुने अपराध गरिरहेछ वा गरेको छ भन्ने विश्वास लागेमा निजले त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्न त्याहाँ खटिएका पुलिस कर्मचारीलाई अह्राउन सक्नेछ र अह्राएमा पुलिस कर्मचारीले पनि त्यस्ता व्यक्तिलाई पक्रनु पर्नेछ ।

(३) कुनै पुलिस कर्मचारीले उपदफा (१) मा लेखिएको कुराहरू उल्लंघन हुनबाट रोक्न आवश्यकता अनुसार कारवाई गर्न सक्नेछ र यस्तो उल्लंघन गर्नलाई प्रयोग गरिएको यन्त्रहरू जफत गर्न सक्नेछ ।

(६२) <u>मतदान केन्द्रमा दुर्व्यवहार गर्न निषेध</u> : (१) मत लिन तोकिएको समय भित्र कुनै मतदान केन्द्रमा कसैले गोलमाल गडबड इत्यादि गरे वा प्रिजाइडिङ् अफिसरले यस ऐन अनुसार दिएको आडर नमाने सो व्यक्तिलाई निज अफिसर वा त्यहाँ खटिएका कुनै पुलीस कर्मचारी वा निजले खटाएका कुनै व्यक्तिले सो ठाउँबाट निकाल्न वा हटाउन सक्नेछ ।

(२) उपदफा (१) को अपराध कसैले गरेको देखेमा सो ठाउँमा खटिएका पुलिस कर्मचारीले विना वारेन्ट निजलाई पक्री कारवाईको निमित्त चलान गर्नु पर्छ ।

(६३) <u>अरू अपराध सजाय</u> :- कुनै निर्वाचनमा कुनै व्यक्तिले देहायको काम गरेमा निर्वाचन सम्बन्धी अपराधको दोषी ठहरिनेछ ।

(क) कुनै नोमिनेशनपत्र बिगारेमा वा त्यसमा लेखिएको कुरा मेटे, सच्याएमा, वा

(ख) रिटर्निङ अफिसरले वा निजले टास्न लगाएको कुनै फिरिस्त वा सूचना वा अरू कागजात मेटे सच्याए विगारे वा हटाएमा, वा

(ग) कुनै मतदानपत्रमा लागेको सरकारी छाप (या चिन्ह) मेटे सच्याए वा विगारेमा, वा

(घ) अख्तियारविना कुनै व्यक्तिलाई मतदान पत्र दिएमा, वा

(ङ) ऐन बमोजिम आफूले खसाल्न-अधिकार पाएको मतदानपत्र बाहेक अरू केही कुरा मतदानपत्र हाल्ने बाकसमा खसाल्ने, वा

(च) निर्वाचनको काममा लगाइएको मतदानपत्र वा मतदानपत्र खसाल्ने बाकस अखत्यार नपाई विगारेमा, बुझेमा, खोलेमा वा खोलाई कुनै प्रकारले नासे, विगारे वा नोक्सान गरेमा वा

(छ) कपट गरी वा अखत्यारी विना, उपरोक्त कामहरू मध्ये कुनै गर्न खोजेमा वा त्यस्ता कुनै काम गर्न जानी जानी मद्दत वा प्रोत्साहन दिएमा,

(६४) <u>कुनै अपराधको सम्बन्धमा कारवाई गर्ने</u> :- (१) कुनै निर्वाचनमा दफा ५९ वा दफा ६९ को उपदफा (१०) वा (१२) क वमोजिम सजाय हुने कुनै अपराध भएको छ भनी निर्वाचन आयोगले विश्वास गर्न पर्ने कारण देखेमा सो विषय जांचबुझ गराउने र सो विषय अवस्था अनुसार अरू आवश्यक देखिन आएको कारवाई गराउन लगाउने निर्वाचन आयोगको कर्तव्य हुनेछ ।

(२) दफा ५९ वा ६९ को उपदफा (१०) वा (१२) क वमोजिम सजाय हुने कुनै पनि अपराध गरे बापत कुनै अदालतमा उजुर गर्नु परेमा

निर्वाचन आयोग वा यस कामको निमित्त खटिएका अफिसरको इजाजत लिएर मात्र गर्नु पर्छ लेखिए बमोजिम इजाजत नली गरेको उजुरमा कुनै अदालतले कारवाई गर्न हुँदैन ।

## परिच्छेद — ८

### उपनिर्वाचन

(६५) उपनिर्वाचन :- प्रतिनिधि सभाको कुनै निर्वाचित सदस्यको स्थान खाली भएमा वा खाली भयो भन्ने घोषित गरिएमा वा निजको निर्वाचन रद्द गरिएमा निर्वाचन आयोगले गजेटमा सूचना प्रकाशित गरी खालि भएको स्थानको पूर्तिको निमित्त सो सूचनामा तोकिएको मिति भन्दा अगावै अर्को सदस्य निर्वाचन गर्न सम्बन्धित निर्वाचन क्षेत्रलाई सूचित गर्नुपर्छ र सो रिक्त स्थानको निर्वाचनमा यो ऐन र यस ऐन अन्तर्गतको गर्नुपर्छ र आदेशहरू लागू हुनेछन् ।

(६६) म्याद थप गर्ने :- दफा ६५ बमोजिम तोकिएको मितिमा कुनै निर्वाचन क्षेत्रमा निर्वाचन पूरा हुन नसके सरकारले आवश्यक म्याद थप गर्नेछ ।

## परिच्छेद — ९

### विविध

(६७) निर्वाचन सम्बन्धी काममा कर्मचारी खटाउने :- निर्वाचन सम्बन्धी कुनै काम गर्न आवश्यक ठाने जतिका कारिन्दा रिटर्निङ अफिसरलाई दिनु भन्ने आदेशन

निर्वाचन आयोग वा बडाहाकिमबाट भएमा सदर वा मोफसलका हरएकत गाउँ पंचायत, जिल्ला पंचायत वा नगरपालिका लगायत अरू सबै अड्डाहरूले दिनुपर्छ ।

(६८) <u>निर्वाचनको कामको निमित्त घरवार सवारीको साधन इत्यादिको प्राप्ति</u> :- कुनै निर्वाचन क्षेत्रमा निर्वाचनको कामलाई देहायका कुनै कुरा सरकारलाई चाहिएमा सरकारले आवश्यक आदेश निकाली रिटर्निङ अफिसरको रायमा मनासीव ठहरिएको भाडा दिई सो लिन सक्नेछ ।

(क) मतदान केन्द्रको काम लिन वा मत लिई सकेपछि मतदानपत्र हाल्ने बाकसहरू राख्न कुनै घर जग्गा आवश्यक पर्ने संभावना भएमा सो घर जग्गा वा,

(ख) कुनै मतदान केन्द्रमा वा त्याहाँबाट मतदान पत्र हाल्ने बाकस वसार्न वा निर्वाचनको काम चालू हुँदा शान्ति कायम राख्न पुलीसका जवानहरू वसार्न वा सो निर्वाचन सम्बन्धी कुनै काम गर्ने कुनै अफीसर वा अरू व्यक्ति वसार्न कुनै सवारी, गाडी वा जन्तुको आवश्यकता परेमा वा सो पर्ने संभावना भएमा सो सवारी गाडी वा जन्तु,

तर कुनै उम्मेदवार वा निजको वारिसले सो उम्मेदवारको निर्वाचन सम्बन्धी काममा यस ऐन अनुसार लगाई राखेको कुनै पनि

सवारी, गाडी वा जन्तु सो निर्वाचन क्षेत्रमा मत लिने काम समाप्त नभएसम्म यस दफा अनुसार लिनु हुँदैन ।

(६९) दण्ड सजाय :- (१) दफा ५५ को उपदफा १, २, ३, ९ वा १२ मा लेखिएको भ्रष्टाचारको दोषी ठहरिएका व्यक्तिलाई एक वर्ष सम्म कैद वा रु.५००।— पाँचसयसम्म जरिवाना वा दुवै हुनेछ ।

(२) दफा ५६ मा लेखिएको गैर कानूनी व्यवहारको दोषी ठहरिएका व्यक्तिलाई रु.१००।— एक सयसम्म जरिवाना हुनेछ ।

(३) यो ऐन बमोजिम निर्वाचन खर्चको फाँट राख्नु र दाखिल गर्नु पर्ने कसैले सो फाँट नराखी दाखिल नगरेको ठहरेमा रु.५००।— पाँच सय सम्म जरिवाना हुनेछ ।

(४) दफा ५७ को वर्खिलाप गर्ने व्यक्तिलाई रु.२५०।— दुई सय पचाससम्म जरिवाना हुनेछ ।

(५) दफा ५८ को वर्खिलाप गर्ने व्यक्तिलाई ३ महीना सम्म कैद वा रु.१२५।— एक सय पच्चीससम्म जरिवाना वा दुवै हुनेछ ।

(६) दफा ५८ को उपदफा (१) वा उपदफा (२) को वर्खिलाप गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा रु.५००।— पाँच सय सम्म जरिवाना वा दुवै हुनेछ ।

(७) दफा ६० को उपदफा (१) को वर्खिलाप गर्ने व्यक्तिलाई रु.२५०।— दुई सय पचाससम्म जरिवाना हुनेछ ।

(८) दफा ६१ को उपदफा (१) को वर्खिलाप गर्ने र सो गर्न जानी जानी मद्दत दिने व्यक्तिलाई रु.२५०।— दुई सय पचाससम्म जरिवाना हुनेछ ।

(९) दफा ६२ को उपदफा (१) मा लेखिए बमोजिम मतदान केन्द्रबाट हटाइएको कुनै व्यक्ति प्रिजाइडिङ अफिसरको अनुमति विना सो ठाउँ भित्र पसेमा निजलाई तीन महीना सम्म कैद वा रु.१२५।— एक सय पच्चीस सम्म जरिवाना वा दुवै हुनेछ ।

(१०) कुनै नामावली रजिष्ट्रेशन अफिसर पोलिङ अफिसर, मतदाताको नामावली बनाउने, नोमिनेशनपत्र बुझ्ने वा फिर्ता दिने मात गन्ने इत्यादि काममा खटिएका कुनै व्यक्तिले यो ऐन र यस ऐन अन्तर्गतको नियम अनुसार निजले गर्नु पर्ने कुनै काम नगरे वा गर्न नहुने काम गरेमा रु.५००।— पाँच सय सम्म जरिवाना हुनेछ ।

(११) कुनै निर्वाचनमा कुनै व्यक्तिले छलकपट गरी कुनै कुनै मतदान केन्द्रबाट मतदानपत्र बाहिर लगेमा वा लग्न खोजेमा वा जानी जानी त्यसो गर्न मद्दत वा प्रोत्साहन दिएमा निजलाई १ वर्षसम्म कैद वा रु.५००।— पाँचसयसम्म जरिवाना वा दुवै हुनेछ ।

(१२) देहायका कुनै व्यक्ति दफा ६३ बमोजिम निर्वाचन सम्बन्धी अपराधको दोषी भएमा देहायबमोजिम हुनेछ ।

(क) रिटर्निङ अफिसर वा असिस्टेण्ट रिटर्निङ अफिसर वा प्रिजाइडिङ अफिसर वा निर्वाचनमा सरकारी काममा लगाइएका अरू कुनै अफिसर वा कारिन्दा भएमा २ वर्षसम्म कैद वा रु.१०००।— एक हजार सम्म जरिवाना वा दुवै हुनेछ ।

(ख) अरू कुनै व्यक्ति भएमा ६ महीनासम्म कैद वा रु.२५०।— दुईसय पचाससम्म जरिवाना वा दुवै हुनेछ ।

(१३) कुनै व्यक्तिले दफा ६८ बमोजिम निकालिएको कुनै आदेश वर्खिलाप गरेमा निजलाई एक महीनासम्म कैद वा रु.१००।— एकसयसम्म जरिवाना वा दुवै हुनेछ ।

(७०) <u>कार्यकारिणी आदेशसदर मानिने</u> :- यो ऐन प्रारम्भ हुनुभन्दा अगावै निर्वाचन सम्बन्धमा श्री ५ को सरकारको कार्यकारिणी आदेशबाट भए गरेको काम यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(७१) <u>नियम बनाउने सरकारको अधिकार</u> :- (१) यस ऐनको उद्देश्य पूर्ति गर्नकोो लागि श्री ५ को सरकारले निर्वाचन आयोगको सल्लाह लिई नियमहरू बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी सो नियमहरूले देहायका कुराहरूमा पनि व्यवस्था गर्न सक्नेछ ।

(क) मतदाताहरूको नामावलीमा दर्ता गरिने कुराहरू ।

(ख) एक भन्दा बढी निर्वाचन क्षेत्रमा वा एक निर्वाचन क्षेत्रमा धेरै पटक नाम दर्ता गर्न नहुने ।

(ग) मतदाताहरूको नामावलीको पूर्व प्रकाशन ।

(घ) मतदाताहरूको नामावलीको दर्ताहरू बारे दावी र विरोध गर्ने तरीका र समय ।

(ङ) दावी र विरोधहरूको फैसला गर्ने अधिकारीहरूको नियुक्ति र गठन ।

(च) दावी र विरोधहरूको सूचनाहरू प्रकाश गर्ने रित ।

(छ) दावी र विरोधहरू सुनिने स्थान मिति र समय र सो दावी र विरोधहरू सुन्ने र छिन्ने रीति ।

(ज) मतदाताहरूको नामावलीको अन्तिम प्रकाशन ।

(झ) मतदाताहरूको नामावली दोहोर्‍याई छपाउने र त्यसको अन्तिम प्रकाशन गर्ने ।

(ञ) मतदाताहरूको नामावलीमा दर्ता सच्याई पाउँ भन्ने बारे ।

(ट) मतदान केन्द्रमा प्रिजाइडिङ र पोलिङ अफिसरहरूको कर्तव्य ।

(ठ) निर्वाचन एजेन्टको नियुक्ति, अयोग्यता, काम र कर्तव्य ।

(ड) पोलिङ एजेन्टको नियुक्ति, काम र कर्तव्य ।

(ढ) मत गन्ने एजेन्टको नियुक्ति, काम र कर्तव्य ।

(ण) मत लिने समय ।

(त) संकटकालमा मत खसाल्ने काम ।

(थ) मतदानपत्र खसाल्ने वाकस नष्ट भएमा फेरि मत लिने काम ।

(द) निर्वाचनमा मत खसाल्ने तरीका ।

(ध) मतदिने अधिकार बारे ।

(न) मत गन्ती ।

(प) निर्वाचित उम्मेदवारको विधिवत घोषणा ।

(फ) निर्वाचन परिणामको रिपोर्ट ।

(ब) निर्वाचनको खर्चको फाँट ।

(भ) निर्वाचन चिन्ह बारे ।

(म) ब्यालट बक्स बारे ।

(य) मतदानपत्र र निर्वाचन सम्बन्धी अरू कागजपत्रको सुरक्षाबारे ।

(र) उजुरीपत्र पेश गर्ने तरीका ।

(ल) निर्वाचन सम्बन्धी यस्तै अरू कुनै विषयहरूमा ।

(७२) <u>बाधा अड्काउ फुकाउने अधिकार</u> :- यो ऐन कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा श्री ५ को सरकारले निर्वाचन आयोगको सल्लाह लिई सो बाधा अड्काउ फुकाउनको लागि नेपाल गजेटमा सूचना प्रकाश गरी चाहिंदो आदेश निकाल्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

लालमोहर सदर मिति ०१५।२।१९।१ मा

# जनप्रतिनिधित्व (संशोधन) ऐन, २०१५

जनप्रतिनिधित्व ऐनलाई संशोधन गर्ने ऐन

जनप्रतिनिधित्व ऐन, २०१५ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न आवश्यक परेकोले श्री ५ महाराजाधिराजबाट मन्त्रि परिषद्को सल्लाह अनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ ।

(१) संक्षिप्त नाम, विस्तार र प्रारम्भः- (१) यस ऐनको नाम जनप्रतिनिधित्व (संशोधन) ऐन, २०१५ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(२) मूल ऐनको दफा ५ मा संशोधनः- मूल ऐनको दफा ५ को प्रतिबन्धात्मक वा वाक्यांशको सट्टा निम्नलिखित उपदफा (२) गरी राखिएको छः-

५.२ पहिला पटक तयार हुने मतदाताको नामावली उपदफा (१) बमोजिम नभएमा हरेक जिल्लामा निर्वाचन आयोगबाट इलाका तोकिए बमोजिम विभिन्न निर्वाचन केन्द्रहरू स्थापित गरी मत दाताको नामावली तयार गरिनेछ र यस ऐनको निर्वाचन क्षेत्र सम्बन्धी सबै दफाहरू त्यस्ता केन्द्रहरूको सम्बन्धमा पनि लागू हुनेछ ।

(क) श्री ५ को सरकारको मातहतको लाभको पदमा बहाल रहेका, वा



www.lawcommission.gov.np

तर यस खण्डको तात्पर्यको लागि मन्त्रिपरिषदका सदस्य सल्लाहकार सभाको सदस्य र कर्मचारी बाहेक सरकार तर्फबाट मनोनित भएका नगरपालिकाको सदस्यलाई लाभको पद धारण गरेको मानिने छैन ।

(३) <u>मूल ऐनको दफा १३ मा संशोधन</u>:- (१) मूल ऐनको दफा १३ को खण्ड (क) को सट्टा निम्नलिखित खण्ड (क) राखिएको छः-

(क) श्री ५ को सरकारको मातहतको लाभको पदमा बहाल रहेका, वा

**स्पष्टीकरणः-** श्री ५ को सरकारको मातहतको लाभको पद भन्नाले तलब वा भत्ता वा तलब भत्ता दुवै वा अरू कुनै किसिमको आर्थिक लाभ प्राप्त हुने गरी नियमित रूपले वा कहिले काँही मात्र गरे हुने काम कर्तव्य तोकिएको श्री ५ को सरकारबाट नियुक्त गरिने पद र तलब भत्ता नलिई काम गरे पनि कार्यकारिणी अधिकार प्रयोग गर्न पाउने पदलाई समेत श्री ५ को सरकारको मातहतको लाभको पद संझनु पर्छ ।

(२) मूल ऐनको दफा १३ को खण्ड (ज) पछि निम्नलिखित प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

तर खण्ड (क) को तात्पर्यको लागि निम्नलिखित व्यक्तिलाई लाभको पद धारण गर्ने व्यक्ति मानिने छैनः-

(१) मन्त्रि परिषद्का सदस्य,

(२) सल्लाहक र सभाका सदस्य,

(३) राष्ट्र परिषद्का सदस्यहरू,

(४) राजा, रजौटा,

(५) जिमिदार,

(६) थरी मुखीया,

(७) जिम्मावाल,

(८) पेन्सनर,

(१०) भत्तावाल,

(११) श्री ५ को सरकार द्वारा सहायता प्राप्त भएको स्कूल कलेजका अध्यापक,

(१२) किपटिया सुब्बा,

(१३) गाउँ पञ्चायतका सदस्यहरू, र

(१४) श्री ५ को सरकारको तर्फबाट मनोनित सरकारी कर्मचारी बाहेक नगरपालिकाका अरू सबै सदस्यहरू,

(४) मूल ऐनको दफा १५ मा संशोधनः- मूल ऐनको दफा १५ को सट्टा निम्नलिखित दफा १५ राखिएको छ ।

१५. प्रतिनिधि सभाको निमित्त सदस्यहरू निर्वाचन गर्ने घोषणाः- निर्वाचन आयोगको सल्लाह बमोजिम श्री ५ महाराजाधिराजबाट हरएक निर्वाचन क्षेत्रलाई यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम र निकालिएको आदेश अनुसार प्रतिनिधि सभाको सदस्य निर्वाचन गर्ने घोषणा गरिबक्सनेछ र सो गजेटमा प्रकाशित हुनेछ ।

(५) <u>मूल ऐनको दफा ४४ मा संशोधन</u>:- मूल ऐनको दफा ४४ को उपदफा (१) को सट्टा निम्नलिखित उपदफा (१) राखिएकोछ ।

४४. <u>स्थान दावी बारे परस्पर दोषारोपण</u>:- (१) कुनै उजुरी पत्रमा निर्वाचित उम्मेदवारको सट्टा अरू कुनै उम्मेदवार उचित तवरले निर्वाचित भएको भनी दावी गरिएको भए निर्वाचित उम्मेदवार वा अरू कुनै व्यक्ति वा दलले उक्त दावीमा देखाइएको उम्मेदवार निर्वाचित भएको भए र निजको निर्वाचनमा शंका देखाई उजुरीपत्र पेश भएको भए निज निर्वाचित भएको भए पनि निजको निर्वाचन गैर कानूनी हुने थियो भनी प्रमाणित गर्न सक्नेछ ।

तर सो उजुरी पत्र प्रकाशित भएको मितिले १४ दिनभित्र ट्राइबुनलमा लेखिएबमोजिको प्रमाण पेश गर्न मनसुवा छ भनी सूचना र नियम बमोजिम ढरौट नदिएसम्म उपरोक्त उम्मेदवार वा सो अर्को दलले लेखिएको प्रमाण पेश गर्न पाइने छैन ।

(६) <u>मूल ऐनको दफा ४७ मा संशोधन</u>:- मूल ऐनको दफा ४७ मा उपदफा (२) (ग) को सट्टा देहायको उपदफा (२) (ग) राखिएको छः-

४७. (२) (ग) कुनै खारेज गर्नुपर्ने मत खारेज नगर्नाले वा सदर गर्नु पर्ने मत सदर नगर्नाले यो ऐन वा यस ऐन अन्तर्गतको कुनै नियम वा आदेश अनुसार नगर्नाले निर्वाचनको फल वास्तवमा फरक परेको हो भनी

(७) मूल ऐनको दफा ६९ मा संशोधनः- मूल ऐनको दफा ६९ को उपदफा (१) को सट्टा निम्नलिखित उपदफा (१) राखिएको र मूल ऐनको दफा ६९ (११) लाई उपदफा (११) (क) गरी निम्नलिखित उपदफा (११) (ख) थपिएको छ ।

६९. दण्ड सजाय :- (१) दफा ५५ मा लेखिएको भ्रष्टाचारको दोषी ठहरिएका व्यक्तिलाई एक वर्षसम्म कैद वा रु.५००।— पाँचसयसम्म जरिवाना वा दुवै हुनेछ ।

(११) (ख) कुनै व्यक्तिले मतदान केन्द्रबाट मतदानपत्र बाहिर ल्याउने कसूर गरी रहेछ वा गरेको छ भन्ने विश्वास प्रिजाइटिङ्ग अफिसरलाई लागेमा निजले त्यस्तो व्यक्तिलाई गिरफ्तार गरी खानतलासी गर्न त्यहाँ रहेका पुलीसलाई अर्‍हाउन सक्नेछ र सो बमोजिम पुलीसले पनि खानतलासी गरी फेला परेका मतदानपत्र आफ्नै जिम्मामा हिफाजत साथ राखी छाड्नु पर्दछ र बिना वारेण्ट सो व्यक्तिलाई पक्री कारवाईको निमित्त चलान गर्नु पर्दछ कुनै स्वास्नी मानिसको खान तलासी लिनु परेमा कुनै अर्को स्वास्नी मानिसद्वारा नै गराउनु पर्दछ ।

(८) मूल ऐनको दफा ७२ लाई आखिरी दफा ८० गरी सो दफा अघि निम्न लिखित दफा ७२, दफा ७३, दफा ७४, दफा ७५, दफा ७६, दफा ७७, दफा ७८ र दफा ७९ थपिएको छः-

७२. सजाय पाएका सदस्य हुन अयोग्य हुनेः दफा ६९ को देहायको (११) वा देहायको (१२) (क) बमोजिम सजाय हुने अपराधहरूमा दण्ड सजाय पाएका व्यक्तिहरू दण्ड सजाय पाएको मितिले ५ वर्ष सम्म प्रतिनिधि सभाको सदस्य हुन अयोग्य हुनेछन् ।

७३. भष्ट्राचार वा गैर कानूनी व्यवहार गरेमा सदस्य हुन अयोग्य हुनेः देहायका भ्रष्टाचार वा गैर कानूनी व्यवहारको दोषी ठहराएका व्यक्तिहरू दण्ड सजाय पाएको मितिले भ्रष्टाचारमा भए ५ वर्ष र गैर कानूनी व्यवहारमा भए ३ वर्ष सम्म प्रतिनिधि सभाको सदस्य हुन अयोग्य हुनेछन् ।

७४. अयोग्यता हटाउने वा अयोग्यता लागू हुने अवधि घटाउने अधिकारः दफा ७२ र दफा ७३ बमोजिम प्रतिनिधि सभाको सदस्य हुन अयोग्य भएका कुनै व्यक्तिको अयोग्यता हटाउन वा अयोग्यता लागू हुने अवधि घटाउन मनासीव कारण देखिएमा निर्वाचन आयोगले कारण खोली सो अयोग्यता हटाउन वा सो अयोग्यता लागू हुने अवधि घटाउन सक्नेछ ।

७५. भ्रष्टाचार गरेमा मतदातालाई लाग्ने अयोग्ताः कुनै व्यक्ति देहायको कुनै कुराको दोषी ठहरिएमा सो ठहरी दण्ड सजाय पाएको मितिले ५ वर्ष सम्म निर्वाचनमा मत दिन समेत अयोग्य हुनेछ ।

(क) दफा ६९ को उपदफा (११) वा उपदफा (१२) (क) बमोजिम सजाय हुने अपराध,

(ख) ट्राइबुनलले दफा ५५ बमोजिम लगाएको भ्रष्टाचारको अपराध

७६. गैर कानूनी व्यवहार गरेमा मत दिन अयोग्य हुनेः उजुरी पत्रको जाँचबुझ हुँदा कुनै व्यक्ति दफा ५६ बमोजिम गैर कानूनी व्यवहारको दोषी ठहरीएमा सो ठहरिएको मितिले ३ वर्षसम्म कुनै निर्वाचनमा मत दिन समेत अयोग्य हुनेछ ।

७७. निर्वाचन खर्चको फाँट बुझाउन नसकेमा मत दिन अयोग्य हुनेः निर्वाचनमा उम्मेदवार भइ मनोनित भएको कुनै उम्मेदवारको तर्फबाट तोकिएको समयमा निर्वाचन खर्चको फाँट सरोकारवाला अधिकारी छेउ पेश नगरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै उजुरी पत्रको जाँचबुझ हुँदा वा कुनै अदालतबाट कानूनी कारवाई हुँदा सो फाँटमा दिएको कुनै विषय झुट्टा ठहरिन आएमा सो उम्मेदवार र निजको निर्वाचन एजेन्ट कुनै निर्वाचनमा निर्वाचन खर्चको फाँट बुझाउनु पर्ने मितिले ५ वर्ष सम्म मत दिन समेत अयोग्य हुनेछ ।

७८. मतदाताको अयोग्यता हटाउने अधिकारः- दफा ७५, ७६ र ७७ बमोजिम मत दिन समेत अयोग्य भएका कुनै व्यक्तिको अयोग्यता हटाउन वा अयोग्यता लागू हुने अवधि घटाउन मनासीव कारण

देखिएमा निर्वाचन आयोगले कारण खोली सो अयोग्यता हटाउन वा सो अयोग्यता लागू हुने अवधि घटाउन सक्नेछ ।

७९. <u>निर्वाचन एजेन्ट हुन अयोग्यता</u>ः- यो ऐन बमोजिम प्रतिनिधि सभाको सदस्य हुन वा निर्वाचनमा मत दिन समेत अयोग्य भएका व्यक्ति सो अयोग्यता लागू भइरहेसम्म निर्वाचनमा कसैको निर्वाचन एजेन्ट हुन समेत अयोग्य हुनेछन् ।

लालमोहर सदर मिति २०१५।८।११।४ मा